## सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरिएको विवरण:-

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
जिल्ला समन्वय समितिको कार्यालय
बागलुङ
२०७३

### सूचना प्रकाशन:-

सूचना सार्वजनिक गर्ने निकायको नाम:- श्री जिल्ला समन्वय समितिको कार्यालय, बागलुङ

सूचना सार्वजनिक गरेको अवधि: -अवधि:२०८१ कार्तिक - मंसिर

### १.कार्यालयको स्वरुप प्रकृति:-

- संविधानको धारा २२० को उपधारा १ मा जिल्ला भित्रका नगरपालिका र गाउँपालिका वीच समन्वय गर्न जिल्लामा एक जिल्ला सभाको व्यवस्था गरिएको ।
- जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फवाट गर्नु पर्ने सम्पुर्ण कार्य संपादन गर्ने संवैधानिक व्यवस्था भएको
- संविधानको धारा २२० (२) बमोजिम जिल्ला भित्रका गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष र नगर पालिकाका प्रमुख र उपप्रमुख जिल्ला सभाका सदस्य रहने संवैधानिक व्यवस्था ।

### २.जिल्ला सभाको काम कर्तव्य र अधिकार:-

#### क. संवैधानिक व्यवस्था:-

नेपालको संविधानको धारा २२० को उप-धारा ७ मा जिल्ला सभाको देहाय अनुसारका काम कर्त्तव्य र अधिकारको व्यवस्था गरेको छ ।

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिका वीच समन्वय गर्ने ।
- विकास तथा निर्माण संम्बन्धि कार्यमा सन्तुलन कायम गर्न सो को अनुगमन गर्ने ।
- जिल्लामा रहने संघिय र प्रदेश सरकारका सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका वीच समन्वय गर्ने
- प्रदेश कानुन बमोजिम अन्य काम गर्ने ।

उपधारा ८ मा जिल्ला सभाको संचालन प्रदेस कानुन बमोजिम हुने व्यवस्था छ ।

#### ख. नीतिगत तथा कानुनी व्यवस्था:-

१.स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कानुनी व्यवस्था:-

- ऐनको दफा ९२(१) मा जिल्वा सभाको काम कर्तव्य र अधिकार देहाय अनुसार व्यवस्था गरेको छः-

कृष्णराज गौतम
...समन्वय अधिकारी

क.जिल्ला भित्रका गाउंपालिका वा नगरपालिका बिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने ।

ख. जिल्ला भित्र सरकारी तथा गैर सरकारी संस्थाबाट सञ्चालित विकास निर्माण सम्बन्धि कार्क्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारीता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने , त्यस्ता कार्क्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

ग. जिल्ला भित्रका गाउंपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसंग समन्वय गर्ने,

घ. जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउंपालिका तथा नगरपालिका बीच समन्वयय गर्ने,

ङ. जिल्ला भित्रका गाउंपालिका र नगरपालिका बिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,

च. जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

छ. जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रसंग समन्वय गर्ने,

ज. जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नका लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारकी मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने ,

झ. आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र प्रतिवेदन दिने,

ञ. जिल्ला भित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एक पटक बार्षिक समिक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने ,

ट. नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

- ऐनको दफा ९२(२) जिल्ला सभाले गर्ने काम जिल्ला समन्वय समितिको नाममा हुने छ ।
- ऐनको दफा ९५ मा जिल्लामा रहेका नेपाल सरकार तथा प्रदेश सरकारका कार्यालयले जिल्ला समन्वय समितिसँग समन्वय गरी कार्य गर्नु पर्ने व्यवस्था छ ।

कृष्णराज गौतम
जिल्ला समन्वय अधिकारी

- ऐनको दफा ९६ मा जिल्ला सभा र जिल्ला समन्वय समितिको बैठक कम्तिमा पचास प्रतिशत सदस्यको उपस्थितिमा जिल्ला सभाको बैठक वर्षमा एक पटक र जिल्ला समन्वय समितिको बैठक महिनाको कम्तिमा एक पटक वस्नु पर्ने र बैठकको अध्यक्षता समन्वय प्रमुखले गर्ने व्यवस्था गरिएको छ ।

२. संघ,प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्बन्ध ऐन, २०७७


ऐनको दफा २६(१) मा जिल्ला समन्वय समितिलाई देहायको विषयमा समन्वय गर्ने अधिकार प्रदान गरिएको छः-

क. संघ वा प्रदेशले स्थानीय तहमा गर्ने विकास निर्माण सम्बन्धी कार्य,

ख. जिल्लामा रहने संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय तथा स्थानी तहबाट सम्पादन हुने कार्य,

ग. प्रचलित कानुन वमोजिम तोकिएका अन्य कार्य ।

**३.जिल्ला समन्वय समितिमा रहने कर्मचारी संख्या र कार्य विवरण:-जिल्ला समन्वय समिति बागलुङको संगठनसंरचना:-**




कृष्णराज गौतम
जिल्ला समन्वय अधिकारी

४. निकायबाट प्रदान गरिने सेवा:-

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने ।
- विकास तथा निर्माण संम्बन्धि कार्यमा सन्तुलन कायम गर्न सो को अनुगमन गर्ने ।
- जिल्लामा रहने संघीय र प्रदेश सरकारका सरकारी कार्यालय र गाउँपालिका, र नगरपालिका बीच समन्वय गर्ने
- प्रदेश कानुन बमोजिम अन्य काम गर्ने ।

५.सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:-

व्यवस्थापन शाखा

शाखा अधिकृत रा.प. तृतीय

ना.सु. रा.प अन. प्रथम

लेखापाल रा.प अन. प्रथम

खरिदार रा.प अन.द्धि

अनुगमन शाखा

ईन्जिनियर रा.प.तृतिय प्रा.

सब-ईन्जिनियर रा. प. अनं प्रथम प्रा.

६.सेवा प्रदान गर्न लाग्ने दस्तुर

- प्रचलित कानुन वमोजिम

७.निर्णय गर्ने प्रक्रिया र अधिकार

- जिल्ला सभा
- जिल्ला समन्वय समिति

८.निर्णय उपर उजुरी सुन्ने अधिकारी

- जिल्ला समन्वय समिति प्रमुख
- जिल्ला समन्वय अधिकारी

९.जिल्ला समन्वय समितिबाट यस अवधिमा सम्पादित क्रियाकलापहरु

- स्थानीयतहहरु, प्रदेश कार्यालय र संघीय कार्यालयहरुमा नियमित रुपमा समन्वय र सहजिकरणको कार्य गरिएको ।
- जिल्ला भित्र स्थानीय तह, प्रदेश सरकार संघीय सरकार र गैर सरकारी संस्थाहरुबाट संचालित योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन र सहजिकरण गर्नुका साथै सुझाव दिइएको ।
- जिललामा विभिन्न समितिहरुको बैठकहरुमा जिल्ला समन्व प्रमुख र जिल्ला समन्वय अधिकारीबाट सहभागिता जनाई निर्णय प्रक्रियामा महत्वपूर्ण भूमिका खेलेको ।
- ३ वटा जिल्ला समन्वय समितिको बैठक सम्पन्न गरी केही महत्त्वपूर्ण निर्णय गरी कार्यान्वयन गरिएको ।

कृष्णराज गौतम
अधिकारी

- मंसिर १६ र १७ गते बागलुङ नगरपालिका र धौलागिरी अस्पतालको समन्वयमा OCMC र अल्पकालिन सेवा केन्द्रबाट प्रदान गरिने सेवा प्रवाहको सम्बन्धमा तमानखोला, निसीखोला, बडिगाड,गाउंपालिका र ढोरपाटन नगरपालिकामा सरोकारवालाहरुको सहभागितामा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको ।
- मिति २०८१ मंसिर ३ गते देखि पौष १३ गते सम्म बागलुङ नगरपालिकाका १४ वटै वडाहरुलाई बालमैत्री शासन युक्त वडा घोषणाका लागि जिल्ला स्तरीय अनुगमन समितिबाट अनुगमन गरी समितिको बैठकबाट सूचक प्रमाणित गरी भएको सिफारिस बमोजिम घोषणाका लागि सहमति प्रदान गरिएको ।
- २०८१ पौष १७ गते जिल्लाका १० वटै स्थानीय तहका स्थानीय तहको वित्तिय शुसान जोखिम मूल्याङ्कन (FRA) का सम्पर्क व्यक्तिहरुका लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको ।
- FAIRMED द्वारा सञ्चालित ग्रामिण स्वास्थ्य परियोजनाका कार्यक्रमहरुको अनुगमन गरि सुझाव प्रदान गरिनुका साथै परियोजनाको अन्तिम समिक्षा बैठकमा सहभागिता जनाई सुझाव दिईएको ।
- जिल्ला समन्वय समिति महासंघबाट माग भै आएको जिल्लाको विवरणहरु पठाईएको ।
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई स्थानीय तहहरुबाट महिला बालबालिकाका क्षेत्रमा भए गरेका कार्यहरुको प्रथम चौमासिक जिल्लागत प्रगति विवरण पठाईएको ।
- DCRDC द्वारा सञ्चालित उर्जाको माध्यमबाट दुग्ध उत्पादक कृषकको जीवन स्तर सुधार परियोजना कार्यक्रमको अनुगमन भएको ।
- सामाजिक विकास कार्यालय र शिक्षा विकास तथा समन्वय इकाई बागलुङको आयोजना र जिल्ला समन्वय समितिको आयोजनामा मा.वि.स्तरका विद्यार्थी र शिक्षकको प्रतिभा पहिचान कार्यक्रम सम्पन्न।
- मिति २०८१ पुष ७ गते बडिगाड गाउँपालिकाको पोषणमैत्री गाउँपालिका घोषणा सम्बन्धि अभिमुखिकरण कार्यक्रममा सहभागिता र प्रतिवद्धता पत्रमा हस्ताक्षर भएको ।
- मिति २०८१ पुष २२ देखि २६ सम्म पोखरामा भएको स्थानीय तहहरुको असल अभ्यासको समिक्षा कार्यक्रम मा सहभागी भई सुझाव प्रस्तुत गरिएको ।
- २०८१ पुष मा ७ वटा स्थानीय तहको प्रगति तथा अनुगमन प्रणालीमा डेस्क रिभ्यू सम्पन्न गरिएको ।
- स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङकन र वित्तिय शुसान जोखिम मूल्याङ्कनको कार्य प्रारम्भ गरिएको।

## १०.सूचना अधिकारी र प्रमुखको नाम र पदः-

सूचना अधिकारी को नामः दुर्गा प्रसाद शर्मा पदः ना.सु. फोन नम्बरः९८५७६२१४९४

कार्यालय प्रमुखको नामः कृष्णराज गौतम पदः जिल्ला समन्वय अधिकारी फोन नम्बरः९८५७६२०००२

## ११.ऐन नियम कानूनको सूची

१.नेपालको संविधान, २०७२

२.स्थानीय सरकार संचालन ऐन, २०७४

३.जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्वन्धि कार्यविधी, २०७६

४.ढुङ्गा गिट्टी तथा बालुवा उत्खनन बिक्रि तथा व्यवस्थापन सम्वन्धि मापदण्ड, २०७७

...णराज गौतम
...धिकारी

५. ढुङ्गा गिट्टी बालुवा उत्खनन संकलन ... बिक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय जिल्ला समन्वय समितिको कार्यालय बागलुङ २०७२

६.गाउँसभा, नगरसभा र जिल्ला सभाका सदस्यहरुले पाउने सुविधा सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन,२०७७

७. संघ,प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्वन्ध ऐन, २०७७

८. स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७

९. स्थानीय तह वित्तीय सुशासन जोखिम मुलयांकन कार्यविधि, २०७७

१०. स्थानीय आर्थिक विकास मुल्यांकन कार्यविधि, २०७७

११. स्थानीय तहको प्रगती तथा अनुगमन प्रणाली सञ्चालन कार्यविधि-२०८०

१२.कार्यालयको आर्थिक विवरण:-

| क्र.स. | आय विवरण | प्राप्त बजेट | हाल सम्मको खर्च | बाँकी |
|---|---|---|---|---|
| १ | संघ सरकारबाट | १५४०२०००.०० | ७५७२१९४.६२ | ७८२९८०५.३८ |
| २ | प्रदेश सरकारबाट | ०० | ००. | ०० |

१३.तोकिए बमोजिमका अन्य विवरण:-००

१४.अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण ००

१५.सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण

https://dccbaglung.gov.np

१६.सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता,ऋण,अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण:-नभएको

१७.सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

वार्षिक समिक्षा कार्यक्रम

१८.सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:-००

१९.सार्वजनिक निकायमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:-००

२०.सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

- वार्षिक समिक्षा गोष्ठिको प्रतिवेदन पुस्तक प्रकाशन भएको ।

कृष्णराज गौतम
जिल्ला समन्वय अधिकारी